# पश्चिम उच्च पहाडि गरीबी निवारण आयोजना

## आयोजना समन्वय ईकाई

## राँझा, वाँके

# सामूदायिक संस्था स्तरीकरण हाते पुस्तीका

मिती २०६८।०९।२८

## आयोजना समन्वय ईकाई, नेपालगंजको निर्देशन

१. सामूदायिक संस्थाहरुको वर्गिकरण गर्दा वर्गिकरण गर्ने मितिले २ वर्ष वा सो भन्दा पुरानो संस्थाहरुलाई मात्र वर्गिकरण गर्नुपर्दछ ।

२. सामूदायिक संस्थाहरुको वर्गिकरण यस आर्थिक वर्ष २०६८/६९ को माघ र जेष्ठ महिनामा गरी २ पटक गर्नु पर्नेछ ।

३. सामूदायिक संस्था वर्गिकरणको प्रतिवेदन तयार गर्दा यस हातेपुस्तीका संग संलग्न अनुसूचि १, अनुसूचि २ र अनुसूचि ३ अनुसार गर्ने ।

४. वर्गिकरण फाराम भर्दा समूहको बैठकमा सबै सदस्यहरुको उपस्थितिमा सहभागितात्मक रुपमा भर्ने व्यवस्था मिलाउनु पर्छ र फारम भर्दा सामाजिक परिचालकले सहजीकरण गर्ने , सदस्यहरु मध्ये बाट प्रत्येक सूचक पढ्न लगाई सो सूचक वापत कति अंक प्राप्त भयो सवैलाई जानकारी गराएर मात्र भर्नुपर्दछ ।

**सामूदायिक संस्थाको स्तरीकरणको लागी तयार परिएको**

हाते पुस्तीका

## १.१ सामूदायिक संस्था छाडेका सदस्यहरुको संख्या :

सामूदायिक संस्था छाडेको सदस्य भन्नाले *"त्यो सदस्य जो पहिले सामूदायिक संस्थामा आवद्ध भई काम गरेको तर हाल स्व-ईच्छाले सदस्यता त्याग गरी सोहि गाउँ वा वस्तीमा वसोवास गरीरहेकोलाई मात्र वुझिने छ ।"* यसमा विभिन्न कारणले वसाई सराई गरी अन्यत्र गई वसोवास गरेको तथा समुहको दण्ड सजायमा परि निष्काशनमा परेको सदस्यहरुको गणना गरीने छैन ।

संस्थामा रहेका सदस्यहरु मध्ये कति प्रतिशत सदस्यहरुले संस्था छाडे भन्ने हिसाब देहाय बमोजिम निर्धारण गर्नुपर्दछ ।

मानौ, कूल ३५ जना सदस्य मध्ये ५ जना सदस्य स्व ईच्छाले समूह छाडेका तर त्यहि गाँउमा वसोवास गरीरहेका छन् भने सो दर १४.२८ % हुन आउछ । सो को प्रतिशत निम्न अनुसार निकाल्नु पर्दछ ।

= छाडेको सदस्य संख्या ÷ जम्मा सदस्य संख्या X १००

= ५ ÷ ३५ X १०० = १४.२८ %

## १.२ सामूदायिक संस्थाको नियमित वैठक :

सामूदायिक संस्थाको सदस्यहरु नियमितरुपमा वस्ने गरेको समूहवैठकलाई गणना गरीने छ । यसको गणना गर्दा सामूदायिक संस्था वर्गिकरण गर्न लागिएको मितिले विगत १२ महिनाको अवधिलाई मात्र लिनु पर्दछ ।

## १.३ वैठकको उपस्थिति विवरण

यसको गणना गर्दा वर्गिकरण गर्न लागिको मितिले विगत १२ महिनाको अवधिमा भएको वैठकहरुको उपस्थीतीसंख्याको योग निकालि त्यसलाई वैठक संख्याले भाग गरी आएको अंकलाई सामूदायिक संस्थाको कूल सदस्य संख्याले पुनः भाग गर्ने र १०० ले गुणन गरी आउने प्रतिफलको आधारमा वर्गिकरण गर्ने ।

जस्तै, राप्ती सामूदायिक संस्थाको कूल सदस्य संख्या ३५ रहेको छ । उस्को विगत १२ महिनाको वैठक संख्या १० रहेको छ । वैठकको उपस्थीतीविभिन्न मितीमा यस प्रकार रहेको छ ।

*मिति २०६७।११।०५ गतेको बैठकमा ३२ जना,*

*मिति २०६७।१२।०५ गतेको बैठकमा ३५ जना,*

*मिति  २०६८।०१।०५ गतेको बैठकमा २५ जना,*

*मिति  २०६८।०२।०५ गतेको बैठकमा ३० जना,*

*मिति  २०६८।०४।०४ गतेको बैठकमा ३५ जना,*

*मिति २०६८।०५।०५ गतेको बैठकमा ३१ जना ,*

*मिति  २०६८।०६।०५ गतेको बैठकमा २० जना,*

*मिति  २०६८।०७।०५ गतेको बैठकमा ३५ जना,*

*मिती २०६८।०८।०५ गतेको बैठकमा ३४ जना र*

*मिती २०६८।१०।०५ गतेको बैठकमा ३५ जना रहेको थियो )*

**कूल उपस्थीती**= (३२+३५+२५+३०+३५+३१+२०+३५+३४+३५)=३१२ जना

**औषत उपस्थीतीसंख्या** = ३१२ लाई जम्मा वैठक संख्या १० ले भाग गर्दा = ३१.२ हुन्छ

अब, **औषत उपस्थीती प्रतिशत** = औषत उपस्थीती संख्या ÷ समुहको कूल सदस्य संख्या X १००

= ३१.२ ÷ ३५ X १००

= **८९.४२** प्रतिशत हुन्छ जो राप्ती सामूदायिक संस्थाको वास्तविक औषत उपस्थीतीहो ।

**१.४ समूह नेतृत्वको प्रभाव अध्ययन :**

कुनै पनि सामूदायिक संस्थाको सदस्यहरुलाई आफनो सामूदायिक संस्थाको नाम, अध्यक्षको नाम, मैनेजरको नाम, सामूदायिक संस्था स्थापना गर्न सहयोग गरेको निकायको नाम, सामूदायिक संस्था स्थापना गर्नुको उद्द्देश्य तथा त्यस सामूदायिक संस्थाद्धारा गरीएको सम्पूर्ण आर्थिक तथा समाजीक कार्यहरुको वारेमा सदस्यहरुलाई प्रस्ट संग जानकारी गराईएको दस्तावेज वा वैठक गरी जनकारी दिए वा नदिएको वारेमा अध्ययन गरीनेछ ।

**२.१ नियमित वचत गरेको सदस्यहरुको अवस्था गणना :**

नियमित बचत गर्ने सदस्यहरुको गणना गर्दा सामूदायिक संस्था वर्गिकरण गर्ने मितिले ६ महिना आगाडि सम्मको वैठकहरुमा वचत गरेको सदस्यहरुका संख्याको योगफल निकाल्ने र जम्मा वैठक संख्याले भाग गरी आएको योगफलमा समुहको कूल सदस्य संख्याले भाग गरी १०० ले गुणन गर्ने यसरी आएको योगफल नै नियमित वचत गरीरहेको समूह सदस्य संख्याको औषत प्रतिशत हुनेछ ।

जस्तै :राप्ती सामूदायिक संस्थाको ६ महिनामा नियमित वचत गर्ने सदस्यहरु यस प्रकार रहेका छन ।

*(मिति २०६८।०४।०४ गतेको बैठकमा ३५ जना,*

*मिति २०६८।०५।०५ गतेको बैठकमा ३१ जना ,*

*मिति २०६८।०६।०५ गतेको बैठकमा २० जना,*

*मिति २०६८।०७।०५ गतेको बैठकमा ३५ जना,*

*मिती २०६८।०८।०५ गतेको बैठकमा ३४ जना र*

*मिती २०६८।१०।०५ गतेको बैठकमा ३५ जना रहेको थियो )*

- **६ महिनामा नियमित वचत गर्ने कूल सदस्यहरुको संख्या** =१९० जना सदस्यहरु रहेको छ
- **नियमित वचत गर्ने औषत सदस्य संख्या** = १९० जना ÷ ६ वैठक = ३२ जना
- **नियमित बचत गर्ने औषत सदस्यहरुको प्रतिशत**

= नियमित वचत गर्ने औषत संख्या ÷ कूल सदस्य x१०० = प्रतिशत

= ३२ ÷ ३५ x१०० =९१ % रहेको छ ।

*(यदि मानिसको गणना गदा दशमलब संख्या अएमा ०.५ लाइ शुन्य मान्ने र सो भन्दा वढि आए १ मन्ने )*

## २.३ ऋण असुली दरको गणना

सामूदायिक संस्थाका सदस्यहरुले आफनो संस्थावाट विभिन्न प्रयोजनको लागी लिएको ऋण रकमको असुली दर कति छ सोही आधारमा यस सूचकको लागि निर्धारीत अंक संस्थाले प्राप्त गर्दछ । असुली दर निम्न बमोजिम निकाल्नु सकिन्छ । जस्तै हाल सम्मको कूल सावा असुली रकम रु.५००००।०० छ र रु.२५००।०० भाखा नाघेको सावा रकम छ भने सोको सावा असुली दर ९५.२३ % हुन्छ ।

$$\text{असुली दर} = \frac{\text{सावा असुली रकम}}{\text{सावा असुली रकम} + \text{भाखा नाघेको रकम}} \times १०० = \%$$

$$\text{असुली दर} = \frac{\text{रु.}५००००}{\text{रु.}\ ५०००० + \text{रु.}२५००} \times १०० = ९५.२३\ \text{प्रतिशत}$$

## २.४ उपयोगमा नआएको लगानी योग्य रकमको गणना

सामूदायिक संस्थाको सदस्यहरुले नियमितरुपमा आफनो समुहमा केहि रकम वचत गर्ने गर्छन । सो रकमको परिचालन आफनो सदस्यहरुको विभिन्न आर्थिक आवश्यकतालाई सम्वोधन गर्न तथा सानातिना आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्नेको लागी गर्ने गर्छन ।

**कूल ऋण लगानी योग्य रकम रु.** = सदस्यहरुवाट आएको वचत + ऋणको व्याज प्राप्त + हर्जाना + समुहलाई दिएको अनुदान + उपदान + सामूदायिक संस्थाको कुनै उद्यमवाट प्राप्त आय + वैंकबाट प्राप्त व्याज रकम को योगफल हो ।

यसरी माथि उल्लेख भए अनुसारको रकमहरुको योगफलका आधारमा आएको रकम परिचालन नभई त्यतिकै समुहको मैनेजरसंग अथवा वैंकमा जम्मा भै रहन्छ भने त्यस्तो रकमको गणना नै उपयोगमा नआएको लगानीयोग्य रकमको गणना हो । यसको गणना गर्दा १ वर्षको अवधिलाई लिन सकिन्छ ।

**जस्तै :**

राप्ती सामूदायिक संस्थाको वर्षमा १० ओटा वैठक बसेको रहेछ । उस्को प्रत्येक वैठकमा क्रमश: मैनेजर र वैकमा गरी ऋण लगानीमा नगएको रकम रु १५००, रु. १०००, रु. १८००, रु.१२००, रु.१५००, रु. १२००, रु.१५००, रु.१७००, रु. १००० र रु.१८०० रहेको थियो । त्यस समुहको कूल बचत रकम रु. १५००० रहेको रहेछ ।

**ऋण लगानीमा नगएको रकमको योग** = रु. (१५००+१०००+१८००+१२००+१५००+१२००+१५००
+१७००+१०००+१८००)= रु. १४२०० हुन्छ ।

**लगानीमा नगएको औषत रकम रु.** = रु. १४२०० ÷ १० वैठक संख्या = रु. १४२० हुन्छ ।

**लगानीमा नगएको औषत रकम प्रतिशत** = औषत रकम ÷ कूल वचत X १००
= (१४२०÷१५०००) X१०० = **९.४६ प्रतिशत हुन्छ**

## २.५ ऋण रकम परिमाण तथा जोखिमको गणना

राप्ती सामूदायिक संस्थासंग कूल रकम रु. १५००० रहेको रहेछ । मानौ उस्ले सधै रु. १००० भैपरिआउने वेलाको लागी संरक्षण गरेर राख्छ भने वाँकि रु.१४००० उस्को ऋण लगानी योग्य रकम हो । अब समुहको वैठकमा राम बहादुर थापा भन्ने सदस्यलाई रु. १४०० ऋण समूहद्धारा प्रदान गरीयो । अव उसको ऋण रकमको परिमाण गणना गर्दा व्यक्तिगत ऋण लगानी प्रतिशत १० हुन्छ जुन रकम सामूदायिक संस्थाहरु द्धारा कुनै एक जना सदस्यलाई ऋण प्रदान गर्ने, ऋण लगानीको जोखिम आधारमा अधिक्तम प्रतिशत हो ।

**यसको गणना गर्दा**

**प्रति सदस्य विना धितो जोखिमको आधारमा आधिकतम ऋण रकम रु.**

**= (कूल ऋणयोग्य रकम X १०) ÷ १००**

= (१४००० X १०) ÷ १००

= १४०००० ÷ १००

= रु. १४००

यसरी सामूदायिक संस्थाहरुको प्रति सदस्य विना धितो अधिकतम ऋण रकम निकाल्ने र ऋणी सदस्यहरुको साँवा रकम सहित सूचि तयार गर्ने तयार पारिएको सूचिमा एक व्यक्तिलाई कूल लगानी योग्य रकमको १० % वा सो भन्दा कम सवै ऋणी सदस्यहरु रहेकोछ भन्ने वर्ग क मा राख्ने । ऋण योग्य रकमको १० प्रतिशत भन्दा वढि रकम कुनै सदस्यलाई ऋण दिइएको छ तथा कुनै वस्तु जमानि पनि लिइएको छ भने वर्ग ख मा र यदि जमानि विना जोखिम रेखा भन्दा अधिक ऋण दिएको छ भने वर्ग ग को अंक प्रदान गर्नु पर्नेछ ।

**३.१ सामूदायिक संस्थाको सदस्य भई आफुलाई फाईदा वा लाभको अनुभव गर्ने सदस्यहरुको गणना :**

सामूदायिक संस्थाको सदस्य भए पश्चात वचत गर्ने वानीको विकास भएको, कवुलियती वनको सदस्य भई आय अर्जन गर्न सकेको, कुनै किसिमको अध्ययन भ्रमणमा गई ज्ञान आर्जन गर्न सकेको, आफुलाई सशक्तिकरण गर्न सकेको, कुनै किसिमको तालिम लिई उद्यम व्यावसाय सञ्चालन गरिरहेको, समुहवाट ऋण लिई आफनो जिविका उकास्न सकेको, जिल्ला कृषि कार्यालय घरेलु कार्यालय वा अन्य सहयोगी निकायवाट सहयोग लिई काम गर्न सकेको । उन्नत खेति, पशुपालन, घरेलु उद्योग, सौचालय निर्माण, एच.आई.भि.एडस्, साक्षरता वा कुनै किसीमको भौतिक पुर्वाधार निर्माण गरी सो वाट फाईदा लिन सकेको आदि ।

**३.२ सामूदायिक संस्थाको सदस्यहरु नियमितरुपमा थप आर्थिक तथा समाजिक क्रियाकलापहरु संग संगै गरीरहेको गणना :**

सामूदायिक संस्थाको सदस्यहरुले सामूहिकरुपमा कुनै उद्यम व्यावसाय सञ्चालन गरेको, कुनै सहकारी संस्था गठन गरी कार्य गरीरहेको, सामुहि तरकारी खेति, अदुवा खेति तथा विक्रि व्यवस्था गरेको, दुध उत्पादन तथा विक्रि वितरण गरेको, तरकारीको विउ उत्पादन तथा विक्रि वितरण गरेको, कुनै भौतिक पुर्वाधार निर्माण गरेको, आफनो गाउँ घर सरसफाई गर्ने गरेको, चुरोट, विडि तथा जाँड रक्सी सेवन गर्ने विरुद्ध अभियान सञ्चालन गरेको, महिला हिंसा, चेलिवेटि वेचविखन, वालवालिकाको शिक्षा सम्वन्धी अभियान सञ्चालन गरेको । वाटो घाटो तथा पुल पुलेसा वा सामूदायिक भवन आदिको निर्माण संगै गरेका छ भने सोको गणना गर्ने ।

**३.३ समूहसदस्यहरुले बालवालिकाहरुलाइ विद्यालय पठाउने गरेका अवस्थाको गणना :**

यसको गणना गर्दा समुहको सवै सदस्यहरुको ६ वर्ष भन्दा माथि र १५ वर्ष भन्दा मुनिको वाल वालिकाहरुको तथ्याँक संकलन गर्ने र विद्यालय जाने गरेको संख्याको गणना गर्ने । अनि विद्यालय जाने गरेको वालावलिकाको योगलाई कूल वालवालिकाले भाग गर्ने र अनि १०० ले गुणन गर्ने । आउने उत्तरनै  विद्यालय जाने वालवालिकाको वास्तविक प्रतिशत हुन्छ ।

**जस्तै :**

कुनै समुहमा वर्ष ६ देखि वर्ष १५ मुनिको वालवालिका संख्या २० छन ।

विद्यालय जान गरेको वालवालिकाको संख्या १८ छन भने

**= विद्यालय गईरहेको बालवालिकाको जम्मा संख्या ÷ विद्यालय जान योग्य जम्मा बालवालिकाको संख्या x १००**

=१८ ÷ २० x१००                =९० % हुन्छ ।

धन्यवाद ।